# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पचाल झरना गाउँपालिका
## कालिकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पचाल झरना गाउँपालिका

### कालिकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## पचाल झरना गाउँपालिका

## कालिकोट

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ७७

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पचालझरना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कालिकोट ।

## कैफियत सहितको राय

हामीले पचालझरना गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.१ करोड ७८ लाख ९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५३ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड २४ लाख ६५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु.१४ करोड ८५ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ६३ लाख ३६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

पचालझरना गाउँपालिका, कालिकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योँट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५६ | २८ | १७८०९ | ० | ० | ० | ५६ | २८ | १७८०९ | ५३४४ | ० | १२४६५ | ० | ० | १२४६५ | ० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्योँट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पचालझरना गाउँपालिका कालिकोट | १४८५२७ | ० | ० | १४८५२७ | ० | १७८०९ | १६६३३६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पचालझरना गाउँपालिका, कालिकोट , पचालझरना गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Birendra Bahadur Bam | २०७८-११-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Shiva Kumar Poudel | २०७८-४-१ | |
| लेखा प्रमुख | Purna Chandra Kafle | २०७८-८-१ | हाल सम्म कार्यरत |
| | | बेरुजु रकम | १७,८०९,१८३.९९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ५७,८४,१८३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २९,४९,६५,९८० | **चालु खर्च** | २७,५३,२१,०९४ |
| **प्रदेश सरकारबाट अनुदान** | ९,३५,८९,३६४ | **पूँजीगत खर्च** | १४,२९,६९,३२४ |
| **राजश्व बाँडफाँट** | ५,५०,१६,५४० | **वित्तीय/अन्य व्यवस्था** | १०,६०,६३,८२६ |
| **आन्तरिक आय** | १२,३५,०३८ | | |
| **अन्य आय** | ८,०५,२०,२०२ | | |
| **कुल आय** | ५२,५३,२७,१२४ | **कुल खर्च** | ५२,४३,५४,२४४ |
| **बाँकी मौज्दात** | | ६७,५७,०६३ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पचालझरना पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पचालझरना गाँउपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, १९६.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार ४४३ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको विधि<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली(NAMS) बाट लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०६।०६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>स्थानीय संञ्चित कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।<br>
<table>
<tr><td>सि नं</td><td>आय</td><td></td><td>रकम</td><td>सि नं</td><td>व्यय</td><td></td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | गत वर्षको जिम्मेवारी | रकम | | | यस वर्षको खर्च | रकम | |
|---|---|---|---|---|---|---|---|
| 1 | गत वर्षको अल्या | | ५७८४१८३।१३ | 1 | गत वर्षको अल्या बाट खर्च | | ५७८४१८३।१३ |
| | चालु आ व २०७८।२०७९ को आय | | | | चालु आ व २०७८।२०७९ व्यय | | |
| 2 | समानिकरण अनुदान निकासा | | ९३३००००० | 2 | समानिकरण अनुदान निकासा | | ९२९२५३२० |
| ३ | स्थानिय निकासा शसर्त अनुदान चालु | | १६६३४९००० | 3 | स्थानिय निकासा शसर्त अनुदान चालु | | १६६३४९००० |
| ४ | स्थानिय निकासा शसर्त अनुदान पुजिगँत | | २५४१६९८० | 4 | स्थानिय निकासा शसर्त अनुदान पुजिगँत | | २५४१६९८० |
| ५ | संघिय बिशेष अनुदान पुजिगँत | | ९९००००० | 5 | संघिय बिशेष अनुदान पुजिगँत | | ९९००००० |
| ६ | प्रदेश समानिकरण | | ९६८६००० | | प्रदेश समानिकरण | | ९६८६००० |
| ७ | प्रदेश शसर्त अनुदान चालु | | ३०६९१०२९ | | प्रदेश शसर्त अनुदान चालु | | ३०६९१०२९.०० |
| 8 | प्रदेश समपुरक | | २९४७७४७ | 8 | प्रदेश समपुरक | | २९४७७४७.० |

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | प्रदेश बिशेष अनुदान | | ३५७५२८९ | 9 | प्रदेश बिशेष अनुदान | | ३५७५2८९.०० | |
| | | | १० | संघिय राजश्व बाँडफाड | | ५५०१६५४० | 10 | संघिय राजश्व बाँडफाड | | ५५०१६५४०.० | |
| | | | ११ | प्रदेश राजश्व बाँडफाँड | | 0.0 | 11 | प्रदेश राजश्व बाँडफाँड | | ०.० | |
| | | | १२ | ज्येष्ठ नागरिक तथा सा सु | | ७०१६४९६६ | 12 | ज्येष्ठ नागरिक तथा सा सु | | ७०१६४९६६.० | |
| | | | १३ | गरिब सँग विशेश्वर | | ४६४००० | 13 | गरिब सँग विशेश्वर | | ४६४०००.० | |
| | | | १४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | १२०००००० | 14 | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | | १२००००००.०० | |
| | | | १५ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | | ७९८३३९९ | 15 | प्रदेश पूर्वाधार विकास कार्यक्रम | | ७९८३३९९.०० | |
| | | | १६ | आन्तरिक आय | | १२१३०३८ | 16 | आन्तरिक आय | | ५९६३६३.० | |
| | | | १७ | धरौटी | | २५३५८८३ | 17 | धरौटी | | ६२७७६८.० | |
| | | | १८ | अन्य कोष खाता | | ७३११११९६ | 18 | अन्य कोष खाता | | ३५१९७००.०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १९ | मुख्यमन्त्री रोजगार,उधमशिलता तथा आयआर्जन कार्यक्रम चालु | | ८२८०० | 19 | मुख्यमन्त्री रोजगार,उधमशिलता तथा आयआर्जन कार्यक्रम चालु | | ८२८००.०० | |
| | | | २० | समाजिक विकास मन्त्रालय चालु | | ४९२७९१ | 20 | समाजिक विकास मन्त्रालय चालु | | ४९३७९१.०० | |
| | | | २१ | मुख्यमन्त्री रोजगार,उधमशिलता तथा आयआर्जन कार्यक्रम पुजितँत | | २६१२९३६९ | 21 | मुख्यमन्त्री रोजगार,उधमशिलता तथा आयआर्जन कार्यक्रम पुजितँत | | २६१२९३६९.० | |
| | | | २२ | प्रकोप व्यावस्थापन कोष बैंकं मौज्जात | | ६६०९७ | 22 | प्रकोप व्यावस्थापन कोष मौज्जात | | ०.० | |
| | | | | | | | १८ | आ.व २०७८।७९ को बैंक मौज्जात | | ६७५७०६३ | |
| | | | | | | | | क नविल बैंक खाता ०७४०१०१७५००१९४ संचित कोष खाता | १३६९९० | | |
| | | | | | | | | ख नविल बैंक खाता ०७४०१०१७५००१८६ चालु | १२३९२२ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ग नविल बैंक खाता<br>०७४०१०१७५००१८८<br>पुजिगँत | ५३६६१ | | |
| | | | | | | | | घ नविल बैंक खाता<br>०७४०१०१७५००१८०<br>आन्तरिक अनुदान | ६०४०६ | | |
| | | | | | | | | ङ नविल बैंक खाता<br>०७४०१०१७५००१७८<br>आन्तरिक राजश्व | ६१६६७५ | | |
| | | | | | | | | च नविल बैंक खाता<br>०७४०१०१७५००१९२<br>विविध खाता | ३७९१४९<br>७ | | |
| | | | | | | | | छ नविल बैंक खाता<br>०७४०१०१७५००१९८<br>प्रकोप व्यय | ६६०९७ | | |
| | | | | | | | | ज नविल बैंक खाता<br>०७४०१०१७५००१९३<br>धरौटी | १९०८११<br>५ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कुल जम्मा \| ५३११११३०७.१३ \| कुल जम्मा \| ५३११११३०७.१३ | |
| ४ | | | **वित्तिय विवरण** | |
| ४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले आर्थिक कारोबार संचालन गर्दा सुत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पुर्ण आर्थिक कारोबार( सामाजिक सुरक्षा भत्ता,पुर्वाधार विकास कार्यक्रम लगायत सुत्रमा प्रविष्टी गरी सो अनुसार मलेपफान २७२,२७५ र सो अनुसार सहायक अनुसूची १ देखि २३ सम्म तयार गरी वित्तिय विवरण प्रस्तुत गर्नुपर्नेमा संघीय स्रोतको C-GAS बाट निकासा भएको कार्यक्रम सुत्रमा समावेश नभएकोले कार्यालयले तयार गरेको प्राप्ति र भुक्तानीको विवरण(मलेपफान २७२) ले सबै आर्थिक कारोबारको चित्रण गर्न सकेको छैन्। यथार्थ चित्रण हुन नसकेको अवस्था निम्मानुसार देखिदा त्यसमा सुधार हुनुपर्दछ ।<br>· म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानी विवरणमा गत वर्षको बाँकी मौज्दात रु.१३८८९९६१।८० रहेकोमा सोही मौज्दात यो वर्ष अ.ल्या देखाउनुपर्नेमा रु.९२९१७३८ देखाएकोले कम जिम्मेवारी सारेको देखिन्छ । त्यसैगरी पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरण तथा गत वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्तिम मौज्दात रु.५७८४१८३।१३ रहेको छ ।यसरी म.ले.प.फा.नं. २७२ भन्दा एकिकृत आर्थिक विवरणमा घटी जिम्मेवारी सारेको देखिएकोले यर्थाथ खर्च यकिन हुन सक्ने आधार भएन ।<br>· म.ले.प.फा.नं. २७२ को प्राप्ति र भुक्तानी विवरणमा यस वर्षको अन्तिम मौज्दात रु.१८०९०७४३।१६ रहेको छ भने पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा वैंक मौज्दात रु. ६७५७०६३ मात्र देखिन्छ । पालिकाले मौज्दातको यथार्थ विवरण यकिन गरी आगामी वर्षमा जिम्मेवारी सार्नुपर्दछ ।<br>· प्रकोप व्यवस्थापन कोषको अन्तिम मौज्दात एकीकृत आर्थिक विवरण अनुसार रु.६६०९७ देखाएकोमा म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा वर्षान्तमा कुनै मौज्दात देखिदैन । बाँकी मौज्दात शुत्रमा प्रविष्ट गरी प्रकोप व्यवस्थापन कोषको मौज्दात हिसाब मिलान गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा व्यवस्था छ ।पालिकाको म.ले.प.फा.न.२७२ अनुसूची १४ वमोजिम वर्षान्तमा खर्च हुन वाँकी रहेको रकम मध्ये चालु खर्च खातामा रु.४९१५०९३१।११ र पूँजीगत खर्च खातामा रु.८३६४५४५।१० वाँकी देखिन्छ । यसरी आर्थिक वर्षको अन्तमा खर्च नभई वाँकी रहेको खर्च खाताको रकम सञ्चित कोषमा स्थान्तरण भएको देखिएन । आर्थिक वर्षको अन्तमा वाँकी देखिएको खर्च खाताको रकम नियम वमोजिम सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्दछ । | |
| ४.३ | | | धरौटीको अल्या र यस वर्षको आम्दानी समेत एकिकृत आर्थिक विवरणमा रु.२५३५८८३ देखाएकोमा म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा शुरु मौज्दात र यस वर्षको थप समेत रु.६२७७३८ मात्र आम्दानी बाँधीएको छ । जसले गर्दा वर्षान्तमा बैंकमा रु.१९०८११५।०० मौज्दात देखिन्छ भने अनुसूची १५ मा रु.६२७७३८।०० फिर्ता भएकोले शुन्य मौज्दात रहेको छ ।फरक रु.१९०८११५।०० शुत्रमा प्रविष्ट गरी धरौटी मौज्दातको हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.४ | | | बैक हिसाब मिलान नगरेको — स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन्। कार्यालयले चालु तथा पुँजीगत खर्च तर्फ विभिन्न फर्मको साटन वाँकी चेकका कारण आर्थिक वर्षको अन्तमा श्रेस्ता र बैङ्क वीच फरक परेको भनि साटन् वाँकी चेकको विवरण पेश गरेकोमा चालु तर्फ १७२ व्यक्ति तथा फर्मको रु.६६४३८४६८ र पूँजीगत तर्फ १६ उपभोक्ता समिति तथा फर्मको रु.१९६९२५६८ वाँकी रहेको देखिन्छ । यसरी वर्षान्तमा चेक काट्दा आर्थिक वर्षको अन्तमा श्रेस्ता र बैङ्क वीच रकम हिसाब मिलान नहुने देखिएकोले फरक पर्न गएको वैंक खाताहरुको हिसाब मिलान विवरण विवरण तयार गरी यकिन गनुपर्ने पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तालिका तल) | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>**वजेट व्यवस्थापनतर्फ**<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको<br>• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | १६३७९०११ | १३६६८९।७७ | १६२४२३२१।२३ |
| २ | चालु खाता | ४९१५०९३१।११ | १२३९२१।८० | ४९०२७००९।३१ |
| ३ | पूँजीगत खाता | ८३६४५४५।१० | ५३६६१।५७ | ८३१०७९२।५३ |
| ४ | विविध कोष खाता | ४५३९८२ | ३७९१४९६।५० | ३३३७५१४।५० |
| ५ | प्रकोप व्यवस्थापन कोष | ० | ६६०९६।५० | ६६०९६।५० |
| ६ | आन्तरिक अनुदान खाता | १४६४६०६२ | ६०६०४ | १४५८५४५८ |
| ७ | वाँडफाँडबाट प्राप्त राजस्व | ११११०५०९।५६ | ० | ११११०५०९।५६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको ।<br>• दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको<br>• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको,<br>**भ्रमण खर्च व्यवस्थापनतर्फ**<br>• भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,<br>• नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन आशिंक रुपमा लिने गरेको<br>खरिद व्यवस्थापन तर्फ<br>• स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको<br>• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरीएको ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको ।<br>• उपभोक्ता समितिलाई दिएको कामको अनुगमन गरे नगरेको, गरेको भए अनुगमन प्रतिवेदनबाट देखिएको व्यहोरा सुधार नगरेको , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्याकंन गरे नगरेको,<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख नराखेको<br>शिक्षातर्फ<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरी अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको।<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक नगरेको ,<br>विविध तर्फ<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको ।<br>• कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटी नरहेको,<br>• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | बेरुजु लगतः बेरुजु लगत व्यवस्थित गर्ने विभिन्न मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको, म. ले. प. फाराम ८०१ — बेरुजु लगत, म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख अवस्था अनुसार ती म. ले. प. फाराम अद्यावधिक रहेको देखिएन । तोकिए वमोजिमका फाराममा बेरुजुको अभिलेख राखी अध्यावधिक विवरण तयार गर्नु पर्दछ ।<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>५.२.१ \| \| ० | |
| ५.३ | | | **लगबुक तथा मर्मत खाताः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको छैन । जसले गर्दा मर्मत तथा इन्धनमा भएको खर्च विश्लेषण गर्ने सकिएन। पालिकाले प्रत्येक सवारी साधनको लगबुक तथा मर्मत अभिलेख राख्नुपर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम** | |
| ६.१ | | | बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ६.२ | | | बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले मिति २०७८।३।०९ गते रु.३९ करोड ६४ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१० मा पारित भएको छ । यसरी तोकिएको समयमै आय व्यय विवरण पारित गरिए पनि उक्त आय व्यय विवरणमा संघ तथा प्रदेशको प्राप्त अनुदान लगायत रकम समावेश नगरिएकोले सुत्रमा समावेश आय अनुमान रु.४५९७२१९८० भन्दा न्युन देखिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६.३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क.स</th><th>क्षेत्र</th><th>बजेट (रु. हजारमा)</th><th>खर्च (रु. हजारमा)</th><th>प्रतिशत (खर्चको तुलनामा)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>४८७५०</td><td>३६०२७</td><td>७३।९</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>१९४५३५</td><td>१८५७०२</td><td>९५।४५</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१२८५७१</td><td>१०२८७०</td><td>८०।०१</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तर सम्वन्धत क्षेत्र</td><td>७५५४</td><td>६११५</td><td>८०।९५</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनीक</td><td>८०३११</td><td>७१०३८</td><td>८८।४५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५९७२१</td><td>४०१७५३</td><td>८७।३९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ९५.४५ प्रतिशत र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ८०.०१ प्रतिशत रहेको छ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा पालिकाले स्थानिय संञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघिय अर्थ मन्त्रालयमा, प्रदेश अर्थ मन्त्रालयमा तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | २७४८२७ | ४९३०६ | ८७३०४ | १३८३१६ | १०१८१६ |
| पूँजिगत खर्चतर्फ | १२६९२६ | ८६९४ | २६९०४ | ९१३२८ | ६५१३६ |
| जम्मा | ४०१७५३ | ५८००० | ११४२०८ | २२९५४४ | १६६९५२ |
| प्रतिशत | ८७।३९ | १४।४३ | २८।४२ | ५७।१३ | ४१।५५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.४० करोड १७ लाख ५३ हजार खर्च भएकोमा प्रथम चौमासिकमा रु.५ करोड ८० लाख अर्थात १४.४३ प्रतिशत, दोश्रो चौमासिकमा रु.११ करोड ४२ लाख ८ हजार अर्थात २८.४२ प्रतिशत र तेश्रो चौमासिकमा रु.२२ करोड ९५ लाख ४४ हजार अर्थात ५७.१३ प्रतिशत खर्च गरेको देखिएको छ ।यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड ६९ लाख ५२ हजार अर्थात ४१.५५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

७

**योजना छनोट र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु.१ लाख सम्म</th><th>रु १-२ लाखसम्म</th><th>रु २-५ लाखसम्मका</th><th>रु ५-१० लाखसम्मका</th><th>रु १०-५० लाखसम्मका</th><th>रु.५० लाख माथिका योजना</th><th>जम्मा</th></tr>
<tr><td>७०</td><td>३५</td><td>४३</td><td>२६</td><td>२२</td><td>८</td><td>२०४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि २ लाखसम्म ३५ योजना, २ लाख देखि ५ लाखसम्म ४३ योजना, रु ५ लाख देखि १० लाखसम्म २६ योजना, रु १० लाख देखि ५० लाखसम्म २२ योजना, रु ५० लाख भन्दा माथि ८ योजना संचालन गरेकोमा रु.१ लाख भन्दा घटी बजेटका ७० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>दिगो विकास<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले योजना तथा बजेट बनाउदा तथा पुँजीगत खर्च गर्दा केन्द्रिय योजना तथा प्रदेश योजनाका प्राथामिकता भन्दा पनि स्रोत उपलब्धताको आधारमा वितरणमुखी र कम लागतका संरचना निमार्णमा वढी जोड दिएको देखिन्छ । गरिवी लक्षित, महिला वालवालिका तथा पोषणा सम्बन्धि कार्यक्रमहरु सर्शत र कानूनको परिपालना गर्ने क्रममा मात्र छनोट भएका छन भने पालिकाको बजेट साना सडक तथा पूर्वाधारमा वढी केन्द्रित छन् । शिक्षा, स्वाथ्य, मानव संशाधन विकास, लैगिङ समता र वातावरण संरक्षणको क्षेत्रमा नगन्य कार्यक्रमहरु छनोट भएका छन्। आगामी नीति तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम तय गर्दा आवधिक योजना तथा दिगो विकासका लक्ष्यहरुलाई प्राथामिकताका साथ आन्तरिकिकरण गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित २४ स्थायी जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, शिक्षा अधिकृत सहित ३९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३२ जना कर्मचारीहरु करारमा राखि रु.८९६२७६०।०० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति : पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी 9 रहेकोमा सबै पदहरु रिक्त रहेका छन्। पाँच जना पाचौ तहको करार कर्मचारीबाट वडा कार्यालयको दैनिक कामकारवाही संचालनमा आएको छ ।समयमै रिक्त पदहरुको पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी वनाउनुपर्दछ ।
<table>
<tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>९</td><td>९</td><td>०</td><td>९</td></tr></table></td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>अवकाश कोष– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले स्थानीय तहमा कार्यरत कर्मचारीको अवकाश योजना वमोजिम कुनै कोष संचालनमा ल्याएको देखिएन । स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा सेवा सुविधाको सर्त वमोजिम भुक्तानी गर्नुपर्ने अनिवार्य दायित्वको लागि कुनै कोष व्यवस्था नभएकोले संञ्चित कोषमा थप व्ययभार पर्ने देखिन्छ । तर्सथ कानून वमोजिम कर्मचारी र पालिकाबाट अवकाश कोषको लागि निश्चित रकम कट्टा गरी छुट्टै कोषको व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>सेवा प्रवाह<br><br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ५ वटा ऐन, १ निर्देशिका र ६ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>८३८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>५२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | |
|---|---|
| बसाईसराई दर्ता | ११ |
| विवाह दर्ता | ८६ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा शर्सत अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको छ।

| अनुदानको विवरण | संघीय स्रोतको | प्रदेश स्रोतको | जम्मा रकम |
|---|---|---|---|

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>शसर्त चालु</td><td>२३५२५६५।०३</td><td>१५९७९३</td><td>२५१२३५८</td></tr>
<tr><td>शसर्त पुँजीगत</td><td>२२१४५६</td><td>०</td><td>२२१४५६</td></tr>
<tr><td>विशेश अनुदान चालु</td><td>०</td><td>८२१६५</td><td>८२१६५</td></tr>
<tr><td>विषेश अनुदान पुँजीगत</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२८१५९७९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>कानून र संचालन स्थिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १ निर्देशिका र ६ कार्यविधि लगायत १२ कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।साथै पालिकाले शिक्षा नियमावली लगायतका कानुन निमार्ण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कुनै कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउने तथा अन्य आवश्यक कानूनहरु निमार्ण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगाउन कुनै पनि मुद्द बाँकी देखिएन भने यो बर्ष पनि न्यायिक समितिबाट निर्णय भएका कुनै पनि मुद्दा कारवाही गरेको अभिलेख राखिएको छैन । न्यायिक समितिलाई सक्रिय बनाई सोको काम कारवाई व्यवस्थित रुपमा अभिलेखवद्ध गर्नुपर्दछ । | |
| १४ | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **जिन्सी व्यवस्थापन** | |
| १५.१ | | | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ ।कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली ***PAMS*** प्रयोगमा ल्याएता पनि लेखापरीक्षण अवधिसम्म पालिकाले गत विगत वर्षका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १५.२ | | | स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>जिन्सी अभिलेखः नेपाल सरकारको कार्यसचांलन निर्देशिका,२०७५ मा सबै जिन्सी सामाग्रीको भण्डार सार्वजनिक सम्पत्ती अभिलेख प्रणाली PAMS मा लेखांकन गर्नुपर्ने व्यवस्था छ । पालिकाले खरिद गरेका जिन्सी सामानहरु PAMS मा अभिलेख नराखी पुरानै मेनुअलमा राखेको देखियो । प्रणालीमा अभिलेख नराख्दा कार्यालयको जिन्सी एकिकृत हुन सक्ने देखिएन । पालिकाले गो भौ १८ र मिति २०७८।१०।३ बाट रु ३५५०००।०० को म्याकबुक खरिद गरेकोमा मेनुअल जिन्सी खातामा समेत प्रविष्ट भएको देखिएन । जिन्सी खातामा म्याकबुकको प्रविष्ट भएको प्रमाण पेश गर्नुपर्ने रु———</td><td>३५,५००</td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>मोटरसाईकल नामसारी : सवारी तथा यातायात व्यवस्था नियमावली,२०५४ को नियम ९ मा सवारी साधनको नामसारी सम्बन्धि व्यवस्था छ । पालिकाले यो वर्ष गो भौ ३० र मिति २०७९।३।२५ बाट लु ८६ प ८२७३ को पल्सर मोटरसाईकल रु२८९५३०।०० मा खरिद गरेकोमा सोको सेतो नम्बर प्लेट बनाई पालिकाको नाममा नामसारी भएको देखिएन । नियमावलीमा व्यवस्था भए बमोजिम उक्त नम्बरलाई सेतो नम्बर प्लेट बनाई पालिकाको नाममा नामसारी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>धरौटी<br><br>सार्रिवजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा त्रुटी सच्चाउने अवधि समाप्त पछि रिटेन्सन धरौटी फिर्ता गर्दा सम्बन्धित पार्टीबाट भुक्तानी भएका वर्षको आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछी फिर्ता दिन सकिने व्षवस्था छ । पालिकले सोही वमोजिम करचुक्ता प्रमाण र मूल्य अभिबृध्दि कर समायोजन पत्र प्राप्त बेगर निवेदनका आधारमा धरौटी फिर्ता दिएको देखिएकोले कर चुक्ता तथा मुल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने रु.....
<table>
<tr><td>गो.भौ.नं मिति</td><td>फर्मको नाम</td><td>धरौटी फिर्ता रु</td><td>कर चुक्ता</td><td>कर समायोजन</td></tr>
<tr><td>४।२०७८।११।१३</td><td>उद्दव निर्माण सेवा</td><td>१०२६८१।</td><td>भएको</td><td>नभएको</td></tr>
</table></td><td>२७७,७५९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८।२०७८।११।२२</td><td>उद्दव निर्माण सेवा<br>वाटिका निर्माण सेवा<br>निरजंग निर्माण सेवा</td><td>६००००।<br>५००००।<br>६५०७८।</td><td>भएको</td><td>नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७७७५९</td><td></td><td></td></tr>
</table>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>१६.१</td><td>कर समायोजन</td><td>२,७७,७५९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>खेलकुद कार्यक्रम<br><br>राष्ट्रपति रनिङ शिल्ड : सार्वजनिक खरिद ऐन,२०६३ को नियम ९ मा लागत अनुमान तयार गर्दा विचार गर्नुपर्ने कुराको सम्बन्धमा व्यवस्था गरेको छ । पालिकाले गत वर्ष २०७७।७८ मा राष्ट्रपति रनिङ शिल्ड खेलकुद सचांलनको लागि रु.२० लाख विनियोजन गरेकोमा रु.३७०२०००।०० खर्च गरेकोले विनियोजन भन्दा बढी खर्च भएको रु. १७०२०००।०० गत आर्थिक वर्षको खेलकुद दायित्व कार्यक्रम शीर्षकमा विनियोजन गरी यस वर्ष भुक्तानी भएको छ । पालिकाले लागत अनुमान तयार विना कार्यक्रम संचालन गरेकोले अनुमान भन्दा वढी खर्च गरेको । यसरी कार्यक्रम संचालन गर्दा वास्तविक खर्चको आंकलन गर्न नसकिने तथा विनियोजित बजेटले नभ्याउने स्थिति रहन्छ। तसर्थ नियमावलीमा व्यवस्था भए बमोजिम लागत अनुमानका तयरी गरी तोकीएको बजेट सीमा भित्र कार्यक्रम सचांलन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>विविध खर्च</td><td></td></tr>
<tr><td>१८.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३० लाख खर्च गरेकोमा खाना तथा खाजा खर्चको प्यान वील तथा भरपाईको आधारमा खर्च लेख्ने गरिएको, खाजा खर्चका वीलहरु कुन</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रम वा बैठक सम्बन्धित हुन भनी नखुलाई एकमुष्ट वील भरपाईका आधारमा भुक्तानी दिने गरेको छ । विविध बाट खर्च लेख्दा आवश्यकता र औचित्यका आधारमा कार्यक्रम सँग आवद्ध गरी खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष विभिन्न ४५ वटा संघ संस्था र व्यक्तिलाई रु.१७ लाख ९६ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणको लागि मापदण्ड निमार्ण गरी उक्त मापदण्ड आधारमा मितव्ययिता पूर्वक खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>उपभोक्ता समिति</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>उपभोक्ता समितिलाई ओभरहेड — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूलय अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई वाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका उपभोक्ता समितिले गरेको निर्माण कार्यमा समावेश Dry Stone masonery को काममा लागत अनुमान दर प्रति घनमिटर २५३१।५२ रहेकोमा सो दररेटमा १५ प्रतिशत ओभरहेड रु.३७९।७३ जोडेर लागत अनुमान वनाई भुक्तानी दिदा रु.३४७६१२।३१ वढी भुक्तानी देखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समिति र काम</th><th>कामको परिमाण</th><th>ओभरहेड</th><th>वढी रकम</th></tr>
<tr><td>१६३।०७९।३।२५</td><td>जनप्रिय मावि फिल्ड निमार्ण उ.स.</td><td>२५.२</td><td>३७९.७३</td><td>९५६९.१९</td></tr>
<tr><td>१६५।०७९।३।२५</td><td>काला ढुङ्गा देखि धवलापुर सडक</td><td>४१.५</td><td>३७९.७३</td><td>१५७५८.७९</td></tr>
<tr><td>१६६।०७९।३।२५</td><td>गौडा देखि तिखेती सडक मर्मत</td><td>२४८.५९</td><td>३७९.७३</td><td>९४३९७.०८</td></tr>
</table></td><td>३४७,६१२.३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१६७।०७९।३।२५</td><td>सिमलडाडा निमार्ण कार्य</td><td>९६.५३</td><td>३७९.७३</td><td>३६६५५.३३</td></tr>
<tr><td>१७२।०७९।३।२५</td><td>जनता मावि खेल मैदान वडा नं ३</td><td>१८०. ६</td><td>३७९.७३</td><td>६८५७९.२३</td></tr>
<tr><td>१७३।०७९।३।२५</td><td>रंगशाला खेल मैदान मर्मत वडा नं ४</td><td>९५</td><td>३७९.७३</td><td>३६०७४.३५</td></tr>
<tr><td>१७६।०७९।३।२५</td><td>ठुलामाण्डु मन्दिर निमार्ण उ.स.</td><td>२२८</td><td>३७९.७३</td><td>८६५७८.४४</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३४७६१२.३१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>अधुरा काम: सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत काम गराउन सक्ने व्यवस्था रहेको छ । पालिकाले निम्न कार्य २०७९ असार मसान्त भित्र सम्पन्न गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा सम्झौता बमोजिमको काम नभई जति काम सम्पन्न भएको हो सोको मात्र कार्यसम्पन्न प्रतिवेदन बनाई भुक्तानी गरेको देखियो । उपभोक्ता समितिलाई जिम्मेवार बनाई बाँकी रहेको काम यथाशिघ्र बनाउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गो.भौ. र मिति</th><th>विवरण</th><th>प्रदेशबाट प्राप्त रकम</th><th>भुक्तानी रकम</th><th>काम सम्पन्न हुन बाँकी रु.</th><th>बाँकी कामको विवरण</th></tr>
<tr><td>३३।०७९।३।२५</td><td>भुरावगर कोटिला सडक स्तर उन्नती उपभोक्ता समिति</td><td>५००००००</td><td>३००४६७५</td><td>२००००००</td><td>ग्याबिनको काम र मोड मिलाउने</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९।२०७९।३।२५</td><td>सहिद स्मृति आवासिय माध्यमिक विद्यालय उपभोकत्ता समिति</td><td>३५०००००</td><td>२७२०३९१</td><td>७८०००००</td><td>भवन ढलान,प्लाष्टर र रङ्ग रोगन</td></tr>
<tr><td>३५।२०७९।३।२५</td><td>सिकु जिम्जेडी ग्रामिण सडक निर्माण उपभोक्ता समिति</td><td>२००००००</td><td>९३२५११</td><td>११६७५००</td><td>ग्याबिन बाटो बढाउने काम</td></tr>
<tr><td>३६।२०७९।३।२५</td><td>लालिगुरास आ वि चौलिछाप भवन निर्माण</td><td>२५०००००</td><td>११४११७४</td><td>१४०००००</td><td>भवन ढलान, प्लाष्टर, रङ रोगन</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>सब कन्टक्याटरबाट काम : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्टक्यारबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले निम्नानुसार सडक निर्माणको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यवसायीबाट काम गराएको देखियो । उपभोक्ता समितिले पालिकासँग सम्झौता गरी कामको जिम्मेवारी लिने, आफुले लिएको काम पुन निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीमा भएको व्यवस्था विपरित देखिएकोले काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिश कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाई नियममा भएको व्यवस्थाको परिपालना गर्नुपर्दछ ।
<table>
<tr><th>गौ भो र मिति</th><th>योजनाको नाम</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| २०।२०७८।१०।३ | पडेक्षा रिङरोड निर्माण तथा उपभोक्ता समिति | धर्म निर्माण सेवा एण्ड पचाल झरनाअर्डर सप्लायर्स | १००११८१ |
| २१।२०७८।१०।३ | पडेक्षा धमालि सडक निर्माण उपभोक्ता समिति | धर्म निर्माण सेवा एण्ड पचाल झरना<br>अर्डर सप्लायर्स | १०६२२०० |
| २४।२०७८।१०।२५ | जारकोट राम्राकोट सडक उपभोक्ता समिति | पुदका मस्ता निर्माण सेवा | ९६०००० |
| ५३।२०७८।१२।१५ | कैफुदेखि बाझकोट सडक निर्माण<br>उपभोक्ता समिति | पुदका मस्ता निर्माण सेवा | ९१६५३९ |
| ६१।२०७८।१२।१६ | भुस बगर कोटिलसम्म सडक उपभोक्ता समिति | पखं निर्माण सेवा | २३७९७१२ |
| ७६।२०७९।१।१५ | राम्राकोट देखि कोटसम्म सडक निर्माण उपभोक्ता समिति | पुदका मस्ता निर्माण सेवा | ६६०२०८ |
| १०३।२०७९।३।९ | घट्टेगाड सडक मर्मत उपभोक्ता समिति | चिरञ्जीवी निर्माण सेवा | ९०७०१९।५२ |
| ११३।२०७९।२।६ | सिम बिस्खेतसम्म सडक निर्माण उपभोक्ता समिति | चिरञ्जीवी निर्माण सेवा | १७६७११० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११४।२०७९।२।१५</td><td>पडेक्षा देखि घट्टेगाड हुदैं घाटसम्म सडक<br>निर्माण उपभोक्ता समिति</td><td>चिरञ्जीवी निर्माण सेवा</td><td>४९१७७६</td></tr>
<tr><td>२५।२०७९।३।२५</td><td>चौथादेखि डुम्रेसम्म सडक निर्माण<br>पचालझरना उपभोक्ता समिति</td><td>धर्म निर्माण सेवा एण्ड पचालझरना<br>अर्डर सप्लायर्स</td><td>१९०१३५४</td></tr>
<tr><td>२८।२०७९।३।२५</td><td>लाफा देखि खादघुसम्म सडक निर्माण<br>उपभोक्ता समिति</td><td>धर्म निर्माण सेवा एण्ड पचालझरना<br>अर्डर सप्लायर्स</td><td>६६८०००</td></tr>
<tr><td>३३।२०७९।३।२५</td><td>भुरावगर देखि कोटिलासम्म सडक<br>निर्माण उपभोक्ता समिति</td><td>चिरञ्जीवी निर्माण सेवा</td><td>१५०००१६।३७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.४</td><td></td><td></td><td>बढि भुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गर्ने व्यवस्था छ ।पालिकाले निम्न उपभोक्ता समितिलाई बढी भुक्तानी दिएको सम्बन्धितबाट असुल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्न रु–
<table>
<tr><td>गो भौ र मिति</td><td>उपभोक्ता समिति</td><td>हुनुपर्ने भुक्तानी</td><td>भएको भुक्तानी</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>२६३।०७८।१२।२४</td><td>धमाली फलफूल नर्सरी<br>घेराबार उपभोक्ता समिति</td><td>६६५३१</td><td>७००००।००</td><td>३४३९</td></tr>
</table>
</td><td>२०,७५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२९०।०७९।१।६</td><td>बिरबल स्मृति बालबिकास केन्द्र उपभोक्ता समिति</td><td>१९०८२२</td><td>१९९९५६</td><td>९१६४</td></tr>
<tr><td>३९०।०७९।३।९</td><td>लुवासुरी मन्दिर निर्माण उपभोक्ता समिति</td><td>१८२११५</td><td>१९०२६२</td><td>८१४७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२०७५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>न्युनत्तम दर रेट<br><br>दररेट निर्धारणः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ। पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको पनि पालना गरेको देखिएन। उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सार्वजनिक निमार्ण</td><td></td></tr>
<tr><td>२१.१</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>कार्यसम्पादन जमानत : सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ मा सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृत गरी कार्यसम्पादन जमानत दाखिला गराउनुपर्ने व्यवस्था छ । त्यस प्रकारको जमानत लागत अनुमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबोल गरेमा ५ प्रतिशत र १५ प्रतिशत भन्दा बढी कबोल गरेमा १५ प्रतिशत भन्दा जति घटी कबोल गरेको छ सोको</td><td>१,६९०,४७४.७७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ५० प्रतिशतले हुन आउने रकम कबोल अंकको ५ प्रतिशतमा थप गरी दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले धमालि घरतौलि भकं सडक निर्माण कार्यको लागि लागत अनुमान भन्दा ७०.२७ प्रतिशत घटि कबोल गर्ने चिरञ्जिवी निर्माण सेवासँग २०७९।३।२४ सम्म सम्पन्न गर्ने गरी रु.३७६७४५४।९२ मा सम्झौता गरेकोमा निर्माण व्यसायीले कार्यसम्पादन जमानत वापत रु ३६९०४७४।७७ राख्नुपर्नेमा सानिमा बैंकमा सम्म म्याद रहने गरी रु.२००००००।०० को मात्र कार्यसम्पादन जमानत राखेको देखियो । नपुग रु.१६९०४७४।७७ को थप कार्यसम्पादन जमानतको प्रमाण पेश गर्नुपर्ने रु--- | |
| २१.३ | | | थप आर्थिक भार: पालिका र निर्माण व्यवसायी बिच भएको सम्झौता बमोजिम निर्धारित समय भित्र निर्माण कार्य सम्पन्न हुनुपर्दछ । निम्न सडक निर्माणको लागि पालिका र प्रदेश समपुरक तर्फ ५०:५० प्रतिशत लागत साझेदारी हुने गरी निर्माण कार्यको ठेक्का आह्वान गरी २०७९।३।२० र २०७९।३।२४ सम्म सम्पन्न गर्न क्रमश: खगेन्द्र निर्माण सेवा र चिरञ्जिवी निर्माण सेवासँग सम्झौता भएको देखियो । सम्झौता बमोजिम निर्धारित समय भित्र निर्माण व्यवसायीले कार्य सम्पन्न नगर्दा पालिकालाई रु ४७४७९२७।८८ थप आर्थिक भार परेको देखिन्छ । लेखापरीक्षण अवधिसम्म म्याद थप समेत भएको देखिएन । त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाई कारणले सम्झौताको म्याद भित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा निजलाई सार्वजनिक निकायलाई सम्झौताको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति वापत जरिवाना लगाउने व्यवस्था छ । सम्बन्धित निर्माण कार्य निर्धारित समयमा सम्पन्न हुन नसक्नुको कारण विश्लेषण गरी नियमावलीमा व्यवस्था भए बमोजिम निर्माण व्यवसायीलाई जिम्मेवार बनाई निर्माण कार्य सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| गो.भौ. र मिति | ठेक्का विवरण | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने | हालसम्म भुक्तानी भएको रकम | पालिकालाई थप आर्थिक भार |
|---|---|---|---|---|---|---|
| ८३।२०७९।२।६ | साल्तेवाम हुदैं बाझकोट ग्रामिण सडक | खगेन्द्र निर्माण सेवा | ४२६४२२६।०९ | २०७९।३।२० | प्रदेशबाट पेश्की ८०००००० | १३३२११३।४५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८५।२०७९।२।६</td><td>वाल्हान्ना कदै दाँगा ग्रामिण सडक</td><td>खगेन्द्र निर्माण सेवा</td><td>५०६४१७३।९४</td><td>२०७९।३।२०</td><td>प्रदेशबाट पेश्की १०००००० तथा पालिकाबाट ३२३००९ समेत १३२३००९ भुक्तानी</td><td>१५३२०८६।९७</td></tr>
<tr><td>१३७।०७९।३।२५</td><td>धमालि घरतौलि भंक सडक निर्माण</td><td>चिरिञ्जीवि निर्माण सेवा</td><td>३७६७४५४।९२</td><td>२०७९।३।२४</td><td>पालिकाबाट १८७२४८४ भुक्तानी</td><td>१८८३७२७।४६</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>४७४७९२७।८८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१.४</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२क मा पेश्की सम्बन्धी व्यवस्थामा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात निर्माण व्यवसायीबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौताको २० प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने तथा पेश्की दिदाँ पहिलो पटकमा स्वीकृत पेश्की रकमको आधामा नबढ्ने गरी र बाँकी रकम कार्य प्रगतिको आधारमा दिन सकिने व्यवस्था रहेको छ । संघीय विशेष कार्यक्रम अन्तर्गत कुलमुल नैर ड्ग्री अरुन्खाडा सिचाई कुलो निर्माणको लागि रु.३८६९४०७९।१७ मा २०८०।३।२० सम्म सम्पन्न गर्ने गरी विकास अभियान जे भी सँग २०७९।२।१० मा सम्झौता गरेकोमा सो पश्चात पालिकाले रु.९९०००००।०० को पेश्की जमानत राखी सम्झौता रकमको २५.५८ प्रतिशतले हुने रु.९९०००००।०० पेश्की उपलब्ध गराएको देखियो । ऐनमा व्यवस्था भएको २० प्रतिशत भन्दा बढी भुक्तानी भएको पेश्की रु.२१६११८४ असुल गर्नुपर्ने रु....</td><td>२,१६१,१८४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.५ | | | झो.पु निमार्णः पाताला झरना २ र रास्कोट ९ जोडने तल्लो घट्टे गाड धुलछाहाडा को गोब्रे भन्ने स्थानमा निमार्णाधिन रहेको झोलुङ्गे पुल २०७८ असोज ३१ देखि कार्तिक ३ सम्मको अविरल वर्षाको कारण आएको पहिरोले पुलको निर्माणधिन टाबर व्लक र निमार्ण समाग्री पुरीन गएको भनी मिति २०७८।०७।२८ गतेको प्रहरी मुचुल्का राखी सम्पन्न भएको कामको परिमाण भनी नापी किताबमा उल्लेख गरी पेश्की फछ्र्योट समेत रु.१४०८१२३।३।०० भुक्तानी दिएको देखिन्छ । लागत अनुमान रु.४७४९३२९।८६ रहेको उक्त पुलको पहिरो पश्चात परामर्शदाता मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डक) को फिल्ड प्रतिवेदनमा पुल निमार्णको लागि जोखिम पुण रहेको भनी प्रतिवेदन दिएकोले उक्त स्थानमा हाल पुल निमार्णको कार्य स्थगित गरिएको छ । पुलको लागि खरिद गरिएका स्टिल स्ट्रक्चरको अन्य झोलुङ्गे पुलहरुमा प्रयोग भए नभएको सो को विवरण तयार गरी पुल निमार्णको चरणमा भएको खर्चको सार्वजनिक परीक्षण(Public Audit) गराई सम्झौता अन्तगरी हिसाब फरफारक गर्नुपर्दछ । | |
| २१.६ | | | धरौटी : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम मा धरौटी वापत ५ प्रतिशत कट्टी गरी निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानिय तह पूर्वाधार विकास कार्यक्रम तर्फ गो भौ १ र मिति २०७८।११।१३ र पूँजिगत पालिका तर्फ गो भौ ४२ र मिति २०७८।११२० बाट (प्रशासकिय भवन निर्माण )पुष्पाञ्जली एण्ड पि एस जे भि लाई भुक्तानी गर्दा रु ९९११७२६।६१ को ५ प्रतिशत धरौटी वापत रु ४९५५८६।३३ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा रु २५८४०।०० कम धरौटी कट्टी गरी भुक्तानी गरेको देखियो । कम कट्टी गरिएको धरौटी वापतको रकम भुक्तानी हुने रनिङ बिल मार्फत कट्टी गरी सोको प्रमाण पेश हुनुपर्ने रु—— | ५१,६८० |
| २२ | | | **अधुरो कार्य सम्पन्न** | |
| २२.१ | ४९ | २०७९-३-२५ | सेराडिल बर्थिङ सेन्टरः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। वडा नं २ सेराडिल वर्थिक सेन्टर को भवन निमार्ण लागत अनुमान रु.४२०१३१४।०० रहेकोमा पालिकाले रु.३५०००००।०० ।र बाँकी श्रमदान बाट व्यहोर्ने गरी मिति २०७९।०१।२५ मा मिति २०७९।०३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । उक्त भवनको निमार्ण सम्पन्न भएको भनी रु.४०९९१३३।९३ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई नियम वमोजिमका कट्टी वाहेक | ४,०९९,१३४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.३२३३८५३।०० भुक्तानी भएको देखिन्छ । निमार्ण सम्पन्न भएको अनुगमन प्रतिवेदन, वडा कार्यालयको सिफारिश, निमार्ण सम्पन्न संरचनाको फोटो लगायत कार्य सम्पन्न पुष्टी गर्ने प्रयाप्त प्रमाण बिना भुक्तानी दिएकोले उक्त भवन निमार्ण सम्पन्न भएको यकिन गर्न सकिएन ।तर्सथ पुनः नाँपजाँच गरी कार्य सम्पन्न प्रतिवेदन समेत भवन निमार्ण सम्पन्न भएको पुष्टी हुने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु... | |
| २२.२ | ४९ | २०७९-३-२५ | राम्रागाउँ वर्थिङ सेन्टरः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। वडा नं १ राम्रागाउँ वर्थिक सेन्टर को भवन निमार्ण लागत अनुमान रु.४२०१३१४।०० रहेकोमा पालिकाले रु.३५०००००।०० ।र वाँकी श्रमदान बाट व्यहोर्ने गरी मिति २०७९।०१।२५ मा मिति २०७९।०३।२० मा सम्पन्न गर्ने गरी सम्झौता भएको छ । उक्त भवनको निमार्ण सम्पन्न भएको भनी रु.४१०८१७१।७१ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समितिलाई नियम वमोजिमका कट्टी वाहेक रु.३२४२५१९।०० भुक्तानी भएको देखिन्छ । निमार्ण सम्पन्न भएको अनुगमन प्रतिवेदन, वडा कार्यालयको सिफारिश, निमार्ण सम्पन्न संरचनाको फोटो लगायत कार्य सम्पन्न पुष्टी गर्ने प्रयाप्त प्रमाण बिना भुक्तानी दिएकोले उक्त भवन निमार्ण सम्पन्न भएको यकिन गर्न सकिएन । ।तर्सथ पुनः नाँपजाँच गरी कार्य सम्पन्न प्रतिवेदन समेत भवन निमार्ण सम्पन्न भएको पुष्टी हुने प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु— | ४,१०८,१७१.७१ |
| २२.३ | ४५ | २०७९-४-२४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।संघीय सरकार सर्सत पूँजीगत शीषकबाट विनियोजन भएको कालिका देवी आधारभुत विद्यालय कोटिला को ४ कोठे भवन निमार्णको कार्य सम्पन्न भएको भनी नापी गरी पालिकाबाट रु.३४०७९४१ भुत्तानी भएको देखिन्छ ।भौचर साथ संलग्न वील भरपाई परीक्षण गर्दा संलग्न फोटोमा प्लाष्टर झ्याल ढोका तथा रङ रोगनको कार्य वाँकी देखिएकोले पुनः नाप जाँच गरी तपसिल वमोजिमका वाँकी काम सम्पन्न गराई सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु............ | ३४७,४०६.८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विअक्यु आईटम न.</th><th>वाँकी काम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>५</td><td>झ्याल ढोका</td><td>१६।५२</td><td>६५४१।९७</td><td>१०८०७३।१५</td></tr>
<tr><td>६</td><td>प्लाष्टर</td><td>३१९।१६</td><td>४०२।६७</td><td>१२८५१७।१५</td></tr>
<tr><td>८</td><td>White Washing</td><td>३१९।१६</td><td>२५३।२१</td><td>८०८१५।७८</td></tr>
<tr><td>९</td><td>Wiring work</td><td>1</td><td>३००००</td><td>३००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३४७४०६।०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.४</td><td>११</td><td>२०७९-३-२३</td><td>पुर्वाधान विशेष कार्यक्रमबाट विनियोजन भएको सामुदायिक भवन निमार्णको कार्य सम्पन्न भएको भनी रु.३५९८८६७।८५ नापी गरी भुक्तानी भएको देखिन्छ ।भौचर साथ संलग्न वील भरपाई परीक्षण गर्दा संलग्न फोटोमा प्लाष्टर, रङ रोगन तथा फिनिसिङको लगायत तपसिल वमोजिमको काम वाँकी देखिएकोले उक्त वाँकी काम सम्पन्न भए नभएको यकिन गर्न सकिएन । तसर्थ वाँकी काम सम्पन्न भएको पुष्टी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु....
<table>
<tr><th>विअक्यु आईटम न.</th><th>वाँकी काम</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>१२</td><td>Cement Plaster</td><td>४७७।९०</td><td>२३२५१।७२</td></tr>
<tr><td>१३</td><td>White washing</td><td>४७७।९०</td><td>१७९६७७।२७</td></tr>
<tr><td>१४</td><td>Enamel Painting</td><td>३१।६०</td><td>५६१९३।१९</td></tr>
<tr><td>१५</td><td>Stair cover CGI</td><td>०।७१</td><td>१७९८।९५</td></tr>
</table>
</td><td>४३८,०२३.४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१६</td><td>Grill Making</td><td>२२।२५</td><td>७१०२।२७</td></tr>
<tr><td>१७</td><td>Wiring work</td><td>१</td><td>८५०००</td></tr>
<tr><td>१८</td><td>Sanitary fitting</td><td>१</td><td>८५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४३८०२३।४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.५</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>मुल्य अभिवृद्धिकर समायोजन<br><br>मू.अ.कर दाखिला — मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा संघ संस्थाले करार गरि खरिद गरेको वस्तु वा सेवाको बिल भुक्तानी गर्दा मुल्य अभिवृद्धि करको ३०प्रतिशत(२०७८।२।१५ बाट ) कट्टा गरी सम्बन्धित आपूर्तिकर्ताको नामबाट सम्बन्धित मूल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न व्यवसायिक फर्महरुलाई दिएको भुक्तानीमा कट्टा नगरी भुक्तानी फर्मलाई भुक्तानी दिएको मु.अ. कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु–<table>
<tr><td>गो भौ र मिति</td><td>फर्म</td><td>बिक्रेता कर दाता नम्बर</td><td>मू.अ.कर भुक्तानी</td><td>३० प्रतिशत मू.अ. कर</td></tr>
</table></td><td>१५६,७५८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७।२०७८।८।२१</td><td>यमन ट्रेडस एण्ड सप्लायर्स</td><td>६०९१६८४९९</td><td>५३६११</td><td>१६०८३</td></tr>
<tr><td>८।२०७८।८।२३</td><td>देउती जनरल एण्ड अर्डर सप्लायर्स</td><td>६०२२३५५७०</td><td>५७४६०</td><td>१७२३८</td></tr>
<tr><td>८।२०७८।८।२३</td><td>यमन ट्रेडस एण्ड सप्लायर्स</td><td>६०९१६८४९९</td><td>९५५५१</td><td>२८६६५</td></tr>
<tr><td>९।२०७८।८।२३</td><td>एस बि निर्माण सेवा</td><td>६०५२५७१८</td><td>५६९८४</td><td>१७०९५</td></tr>
<tr><td>१२।२०७८।९।८</td><td>रोयल ठकुरी इन्जिनियरिङ्ग कन्स्लटेन्सी</td><td>६०९५९०९१७</td><td>११३५०९</td><td>३४०५२</td></tr>
<tr><td>१५।२०७८।१०।२</td><td>निकिल निर्माण सेवा</td><td>३०४७९०५२०</td><td>५७२४६</td><td>१७१७४</td></tr>
<tr><td>२६।२०७८।१०।२५</td><td>बाराही ट्रेडस एण्ड अर्डर सप्लायर्स</td><td>३०१४६५९९१</td><td>८८२७०</td><td>२६४८१</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१५६७५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>डिपिआर खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको देखियो । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।पालिका अन्तर्गतका योजना डीपीआरका आधारमा छनौट गर्नुपर्नेमा डीपीआर बेगर नै छनौट गरिएको छ । तयार गरिएका केहि डीपीआर अध्ययन गर्दा ठेक्का सम्झौता सँगसगै सोहि योजनाको डीपीआर तयार गरेको देखिएको र डीपीआरको आबश्यकता विश्लेक्षण बेगर डीपीआर गरेको देखिन्छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>वगडा वेलिब्रिज</td><td>शिवनाथ इन्जिनियरिङ्ग</td><td>९९७२२५</td><td>१०७६५४७३</td></tr>
<tr><td>सडक</td><td>रोयल ठकुरी इन्जिनियरिङ्ग</td><td>९८६६५८</td><td>५३०४५७३२।७३</td></tr>
<tr><td>५ शैया अस्पताल</td><td>रत्ना इन्जिनियरिङ्ग</td><td>१४९७२५०</td><td>७११९७९८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४८११३३</td><td>१३५००९१८५।७३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>
खरिद योजना<br><br>
बार्षिक खरिद योजना/गुरुयोजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड ६९ लाख २६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २६ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रम** | |
| २६.१ | | | मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने युवालाई लक्षित गरी रोजगारी आयआर्जन तथा आधारभूत विकासका क्रियाकलाप प्रभावकारी रुपमा संचालन तथा व्यवस्थान गर्ने मुख्यमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ ।यस कार्यक्रम मार्फत नगरपालिकामा यस वर्ष ९ वटा कार्यक्रमको लागि रु.१६४८०२५४।०० विनियोजन भएकोमा कार्यक्रम मार्फत रु.१६१५४०३५ खर्च गरिएको छ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय वमोजिम छन् । | |
| २६.२ | | | कार्यविधिको अनुसूची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात तोकिएको छ । पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम र समाग्रीको अलग अलग विश्लेषण गरी अनुसूची वमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा ७० प्रतिशत भन्दा वढी रकम कामदारको ज्याल खर्च लेखेको देखिन्छ ।श्रम र ज्यालाको अलग अलग विश्लेक्षण गरी लागत अनुमान सँग समावेश नभएकोले परियोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषणा गर्ने सकिएन ।तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलाई ध्यान दिई लागत अनुमात तयार गर्नुपर्दछ । | |
| २६.३ | | | कार्यविधिको दफा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हुने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम फिल्ड निमार्ण, घेराबार निमार्ण र विद्यालय भवन निमार्ण कार्यमा खर्च भएको छ । खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहुदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ । त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताब पेश गर्ने र उक्त प्रस्ताबहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वयन हुने व्यवस्था गरीएको छ । छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>रुपमा स्थानीय तहलाई बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोक्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वयनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन । आयोजना छनोट देखि कार्यान्वयन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>ढुवानीमा करः ०७।०७९।०३।०१ आयकर ऐन २०५८ को दफा ८८ वमोजिम ढुवानी सेवा मूल्य अभिवृद्धिकरमा दर्ता भएको खण्डमा १।५ प्रतितशत र मूल्य अभिवृद्धि करमा दर्ता नभएको अवस्थामा २।५ प्रतिशत भुक्तानीमा कर कट्टी गर्ने व्यवस्था रहेको छ । कर्णाली आधारभुत्त विधालय सिमखेत वडा नं ८ को भवन निमार्णको लागि फुगाड देखि विद्यालय सम्म वालुवा ढुवानी गरेको भनी किस्न वहादुर शाही लाई भरपाई गरी रु.१५००००।०० बुझाएकोमा उक्त ढुवानीमा २।५ प्रतिशतले हुने रु. ३७५० कर कट्टी नगरेको रु–––</td><td>३,७५०</td></tr>
<tr><td>२७</td><td></td><td></td><td>सेनेटरी प्याड<br><br>सामुदायिक विद्यालय छात्रहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापनको लागि तपसिलका फर्महरु रु.१२४७०७८।०० को स्यानेटरी प्याड खरिद गरेको देखिनदेखिन्छ । इमिस तथ्याँक २०७८ अनुसार पालिकामा ग्रेड ६ देखि १२ सम्म ११८४ छात्रा रहेको देखिन्छ भने प्रयोगकर्ता सख्याँको आधारमा विश्लेषण गरी खरिद गर्नुपर्नेमा बजेटको आधारमा खरिद गरेकोले उपयोग नहुँदै म्याद समाप्त हुने जोखिम देखिएको छ । साथै खरिद गरेको समान स्टोर दाखिला गरेको दाखिल रिपोर्ट संलग्न गरेपनि उक्त सेनेटरी प्याड वितरण गरेको भरपाई देखिएन । यसरी लक्षित वर्गको लागि खरिद गरेको समान निश्चित समय भित्र वितरण नहुँदा समानको म्याद गुज्रने तथा छात्राहरु सेवाबाट वन्चित हुने देखिएकोले खरिद समाग्री यथाशिघ्र वितरण गरी सो प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>फर्मको नाम</th><th>सख्या</th><th>रकम</th></tr>
<tr><td>८७।०७९।३।१६</td><td>न्यु उषा अर्डर एण्ड सप्लार्यस</td><td>८१८१</td><td>४४९९३१।००</td></tr>
<tr><td>११३।०७९।३।२०</td><td>निहीत फर्मास्टिकल सुर्खेत</td><td>८०००</td><td>४९२०४७।२०</td></tr>
</table></td><td>१,२४७,०७८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३७।०७९।३।२४</td><td>श्रीकृष्ण साईन्स एण्ड सर्जिकल सप्लार्यस</td><td>५५००</td><td>२८२०४५।००</td></tr>
<tr><td>१३८।०७९।०३।१४</td><td>न्यु देउती जनरल एण्ड अर्डर सप्लायर्स</td><td>४५००</td><td>३०५१००।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२६१८१</td><td>१२४७०७८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
युनिसेफ सोझै भुक्तानी<br><br>
कोभिड १९ को प्रभावबाट विद्यालय शिक्षा लिन विमुख वालवालिकाको सिकाई निरन्तरताको लागि युनिसेफबाट यस पालिकाको संचित कोषमा जम्मा हुने गरी रु.४०५९०००।०० प्राप्त भएको देखिन्छ ।जसबाट भएको खर्चको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।<br>
क) सामुदायिक विद्यालयका प्रधानध्यापकहरुको अन्तरक्रिया र छलफल कार्यक्रममा ४२ जना सहभागी भएकोमा सहभमगीलाई भत्ता वापत्त करकट्टा नगरी देहाय वमोजिम भुक्तानी दिएको देखिन्छ ।नम्स अनुसार कुल सहभगी ४२ जनालाई रु.१००० का दरले ४२००० भुक्तानी दिनुपर्नेमा नम्स भन्दा वढी भुक्तानी दिएको रु.४३८०० असुल गर्नुपर्ने रु.......
<table>
<tr><td>सहभागी सख्याँ</td><td>दर</td><td>भुक्तानी दिएको</td><td>नम्स अनुसार दर</td><td>हुनुपर्ने भुक्तानी</td></tr>
<tr><td>३८</td><td>२१००</td><td>७९८००</td><td>१०००</td><td>३८०००</td></tr>
<tr><td>४</td><td>१५००</td><td>६०००</td><td>१०००</td><td>४०००</td></tr>
<tr><td></td><td></td><td>८५८००</td><td></td><td>४२०००</td></tr>
</table>
ख) कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ ले जन प्रतिनिधिले प्राप्त गर्ने दैनिक भ्रमण भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अनुगमन भत्ता वापत्त तहगत रुपमा अधिकत्तम १८०० सम्म दिन सकिनेमा
</td><td>५८,७००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>विषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
एक दिनको ४००० का दरले ९ जनालाई ३६०००।०० भुक्तानी दिएको देखिन्छ । यसरी नम्स अनुसार रु.२११०० भुक्तानी हुनुपर्नेमावढी भुक्तानी दिएको रु.१४९००।००असुल गर्नुपर्ने रु.
<table>
<tr><td>स्वीकृत नम्स अनुसार</td><td>तोकिएको दर रु.</td><td>सहभागी सख्या</td><td>कार्यदिन</td><td>भुक्तानी दिनुपर्ने रु.</td></tr>
<tr><td>अध्यक्ष</td><td>१८००</td><td>१</td><td>१</td><td>१८००</td></tr>
<tr><td>उपादक्ष्य</td><td>१६००</td><td>१</td><td>१</td><td>१६००</td></tr>
<tr><td>अन्य सदस्य</td><td>१५००</td><td>७</td><td>१</td><td>१०५००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२११००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कृषि तर्फ</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>
अनुदानः कार्यालयले वार्षिक कार्यक्रम सञ्चालन गर्दा स्वीकृत नर्मस, निर्देशिका र प्रचलित खरिद नियमको पालना गर्नुपर्दछ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ को ७.१ को-१_ वमोजिम कृषि उत्पादन सामाग्री, पशु, नश्ल सुधारमा ५० प्रतिशत अनुदान उपलव्ध गराउने उल्लेख छ ।यस पालिकाले यो वर्ष साना व्यवसयी कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत विभिन्न फर्म तथा कृषक समुहलाई पशु तथा कृषि परियोजनाम ५० प्रतिशत भन्दा वढी अनुदान उपलव्ध गराएको छ । कार्यालयले स्वीकृत नर्म्स भन्दा बढी अनुदान खर्च भुक्तानी दिएको रू.1709028 सम्बन्धमा छानविन गरी असुल गर्नुपर्ने रू.
<table>
<tr><td>भौचर नम्बर।मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कुल लागत</td><td>अनुदान दिएको</td><td>५० प्रतिशतले हुने अनुदान</td><td>बढी अनुदान दिएको</td></tr>
<tr><td>६१।०७९।१।१६</td><td>हिमाली कृषी नर्सरी उधोग</td><td>८२५३७२</td><td>७५००००</td><td>४१२६९८</td><td>३३७३०२</td></tr>
</table>
</td><td>१,७०९,०२८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७३।०७९।०२।२१</td><td>प्रतिभा फलफुल तथा तरकारी उत्पादन कृषक समुह</td><td>३०००००</td><td>३०००००</td><td>१५००००</td><td>१५००००</td></tr>
<tr><td>९३।०७९।०३।१६</td><td>नविकरण कृषक समूह</td><td>३०००००</td><td>३०००००</td><td>१५००००</td><td>१५००००</td></tr>
<tr><td>११८।०७९।३।२३</td><td>पचाल झरना नर्सरी उधोग</td><td>४७५०००</td><td>४०००००</td><td>२०००००</td><td>२०००००</td></tr>
<tr><td>१४९।०७९।०३।१४</td><td>कालिका महादेब वाखा समुह</td><td>१२५००००</td><td>६२५०००</td><td>१२३२०००</td><td>६०७०००</td></tr>
<tr><td>१४९।०७९।३।१४</td><td>उत्कृष्ट वहुउद्देश्य पशुपंक्षी तथा मत्स्य समुह</td><td>८११३४३</td><td>४०५६७१</td><td>६७०५००</td><td>२६४८२८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१७०९०२८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>विल भरपाई ६९।०७९।०२।१४ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६।८ मा कुनै रकमको भुक्तानी दिदा रित पुगेनपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले कृषि कार्यक्रम तर्फको पेश्की फछ्यौंट गरी रु १८४०००० भुक्तानी दिएकोमा संलग्न भौचर साथ पेश भएको सेस्तामा विल भरपाई गणना गर्दा जम्मा रु १८२६०००।०० मात्र खर्चपुष्टी भएकोले वढी भुक्तानी दिएको रु. १४०००।०० सम्बन्धित व्यक्तीबाट असूल गरी दाखिला गर्नुपर्ने रु——</td><td>१४,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td><u>शिक्षक व्यवस्थापन सूचना प्रणाली (IEMIS):-</u> कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.ब.२०७८/७९) IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) शिक्षण सिकाइ सामाग्री तथा दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म विद्यालयलाई अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गरेको पाइएन। जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ। यस सम्बन्धमा विद्यालयको हाजिरी उपलब्ध हुन नसकेको र IEMIS मा प्रविष्ट तथ्याङ्क समेत अधावधिक नभएकोले एकिन गर्न सकिएन। पालिकाले विद्यालयको IEMIS तथ्यांकलाई अधावधिक गरी विधार्थी संख्याको आधारमा जाने निकासा वास्तविक विधार्थी संख्याकै आधारमा गए नगएको एकिन गर्नु पर्दछ । | |
| ३०.२ | | | **शिक्षक दरवन्दी** – नगरपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयले जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहात दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन। | |
| ३०.३ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं गाउँ पालिका शिक्षण सिकाई अनुदानबाट नियुक्त भएका प्राथमिक तह देखि माध्यमिक तह सम्मका २२ जना शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.५४ लाख १ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ३०.४ | | | **विद्यालयगत निकासा रजिस्टर्ड** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण अभिलेख राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ ।साथै आ ब ०७८।७९ को दोस्रो चौमासिक निकासा गर्दा शिक्षकहरुको बढी ग्रेड भुक्तानी भएको निकासाबाट देखिएकोले बढी निकासा असुल उपर गरी राजस्व दाखिला गर्नुपर्ने रु | ४४,७७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सि नं</td><td>शिक्षकको तह</td><td>संख्या</td><td>ग्रेड रकम रु</td></tr>
<tr><td>१</td><td>प्राथमिक तह</td><td>३९</td><td>३७२०६।</td></tr>
<tr><td>२</td><td>नि मा वि तह</td><td>५</td><td>५०३५।</td></tr>
<tr><td>३</td><td>मा वि तह</td><td>२</td><td>२५३४।</td></tr>
<tr><td colspan="3">जम्मा रकम रु</td><td>४४७७५।</td></tr>
</table></td><td></td></tr>
<tr><td>३०.५</td><td></td><td></td><td>शिक्षा समानीकरण अनुदानः २६।०७९।०३।२५ शिक्षा समानीकरण अनुदान भनेर ११ वटा विद्यालयलाई रु.४०००० देखि १५००००।०० सम्म अनुदान दिएकोमा उक्त रकमको खर्च गर्ने क्षेत्रहरु, वील भरपाई, कार्य सम्पादनका सर्तहरु र अनुदान सदुपयोगको सुनिश्चिताका लागि अनुगमन प्रक्रिया लगायतका विषयहरु स्पष्ट नगरी विद्यालयको खातामा पैसा पठाएको छ । यस किसिमका अनुदानलाई कार्यक्रममा आधारित भई नतिजामुखी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.६</td><td></td><td></td><td>अनुदानको अनुगमन - कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।पालिकाले यसवर्ष सार्वजनिक विद्यालयमा कक्षा १ देखि ११ सम्म अध्ययनरत विद्यार्थीको लागि निशुल्क पाठ्यपुस्तक अनुदान रु.३२८७३३० र प्रति विद्यार्थीका आधारमा शिक्षण सिकाई सामाग्री अनुदान रु. १२८१२५० विद्यालयहरुमा पठाएको छ।विद्यालयहरुले प्राप्त गरेको अनुदान रकमको कार्य प्रगति विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन संलग्न नहुँदा तोकिएको शीर्षकमा खर्च भयो भएन यकिन गर्न सकिएन । तसर्थ अनुगमन प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कुल १७ योजना मध्ये ८ वटा योजना फिल्ड निमार्ण सम्बन्धी छन। यस कार्यक्रमको लागि रु.२ करोड ३ लाख ४ हजार विनियोजन भएकोमा यस वर्ष ३५७ जना लाई रोजगारी उपलव्ध गराई रु.१ करोड ९१ लाख २७ हजार खर्च गरेको छ ।यस कार्यक्रम मार्फत वेरोजगार युवालाई कम्तिमा १०० दिनको को रोजगारी प्रदान गर्ने भनिएकोमा एक जनालाई औसत ९३ दिनको रोजगारी प्रदान गरीएको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३२ | | | **तालिम**<br><br>तालिम सञ्चालनको लागि नर्म्स\ स्वीकृत वा अर्थ मन्त्रालको कार्य सञ्चालन निर्देशिका, २०७८ बमोजिम तालिम सञ्चालन हुनुपर्दछ। विगतका वर्षदेखि नै विभिन्न प्रकारका तालिम वर्षैपिच्छे हुने गरेकोमा अद्यावधिक अभिलेख नराखेको, लाभग्राहीको छनौट पारदर्शी नभएको, कार्य सञ्चालन निर्देशिका, २०७५ ले तोकेभन्दा बढी प्रशिक्षक भत्ता र खाना तथा खाजा लगायतमा बढी खर्च गरेको आदि जस्ता कारणले तालिममा अनावश्यक खर्च हुने गई तालिम औचित्यपूर्ण र प्रभावकारीसमेत देखिएको छैन। गाउँपालिकाले बजेट विनियोजन गर्दा प्रतिफल दिने किसिमको कार्यक्रम छनौट गरी आय आर्जन हुने र सीपमूलक तालिममा लगानी गर्नुपर्ने देखिन्छ। | |
| ३३ | | | **जस्ता वितरण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गर्ने व्यवस्था छ । पालिकाले निम्न गो.भौ. र मिति मार्फत रु ७२४८५४ को विभिन्न साईजको ५०४ थान घर छाउने जस्ता खरिद गरेकोमा ११ जना लाभग्राहीले २६ थान जस्ताको दरले जम्मा २८६ थान घर छाउने जस्ता बुझेको भरपाई रहेको देखियो । बाँकि जस्ता २१८ को रु.२९८२३८।०० मुल्य बराबरको जस्ता बुझेको प्रमाण पेश गर्नुपर्ने रु— | २९८,२३८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो भौ र मिति</td><td>पाटा विवरण</td><td>पाटा थान</td><td>मूल्य प्रति थान</td><td>मूल्य</td></tr>
<tr><td>७।२०७८।८।२१</td><td>३२ एमएम</td><td>२४०</td><td>१४३८</td><td>३४५१२०</td></tr>
<tr><td rowspan="3">८।२०७८।८।२३</td><td>४० एमएम</td><td>५०</td><td>२२००</td><td>११००००</td></tr>
<tr><td>३२ एमएम</td><td>१९८</td><td>१३६१</td><td>२६९४७८</td></tr>
<tr><td>३२ एमएम</td><td>१६</td><td>१६००</td><td>२५६००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५०४</td><td></td><td>७२४८५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>इन्धन खर्च<br><br>कार्यालयले इन्धन खपत गर्दा सवारी साधनको लगबुक राखी इन्धन खपतलाई नियन्त्रण गर्नुपर्दछ । कार्यालयले सवारी साधनको लगबुक राखी कर्मचारीहरुको इन्धन बिलको भुक्तानी दिने गरेको भएता पनि इन्धन खपतमा नियन्त्रणको अवस्था नदेखिएकोले मासिक रुपमा प्रत्येक कर्मचारीले के कति इन्धन खपत गर्न पाउने हो सो को मापदण्ड निर्धारण गरी सवारी लगबुकका आधारमा कर्मचारीलाई मासिक रुपमा इन्धन प्रदान गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>कर कट्टी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष देउडा महोत्सवमा मिति २०७८।०५।१५ देखि ५।१८ सम्म १५,००,०००। खर्च गरी सोको भुक्तानी गो भौ नं ३० मिति २०७८।०६।२० मा भएको देखिन्छ । यसरी आयोजना भएको महोत्सव कर्णाली प्रदेश कला साहित्य प्रतिष्ठान ले संयोजन गरेको साथै महोत्सवमा सहभागी कलाकारलाइ भुक्तानी गरिएको पारीश्रमिकमा कर कट्टी गरीएको तर करको बैङ्क दाखिला गरेको नदेखिएकोले सो कर कट्टीको बैङ्क दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु....</td><td>९४,१२५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>वढी भुक्तानी</td><td></td></tr>
<tr><td>३६.१</td><td>२६</td><td>२०७९-३-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गर्ने व्यवस्था छ । आधारभुत शिक्षण सिकाइ अनुदान कार्यक्रमबाट अनुगमन तथा भ्रमण बापत श्री नमराज शाहीले दैनिक भ्रमण बापतको रकम रु ५६०० बढी भुक्तानी लिएको देखिन्छ। सो बढी भुक्तानी असुल गर्नुपर्ने रु...</td><td>५,६००</td></tr>
<tr><td>३६.२</td><td>१५</td><td>२०७८-१०-१७</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक वील भरपाई र कागजात अनुसार भुक्तानी दिन रित्त पुगे नपुगेको जाँच गर्ने व्यवस्था छ । विविध खर्चबाट औषधी खरिदको ढुवानी गाडी नं ४५९७ वाट ढुवानी गरी ढुवानी भाडा बापत रु ६५०००।०० श्री वीरेन्द्र सन्ज्याललले भुक्तानी लिएको देखिएकोमा औषधी खरिद गरेको नदेखिएकोले सो रकम निजबाट असुल गरी बैङ्क दाखिला गर्नुपर्ने रु....</td><td>६५,०००</td></tr>
<tr><td>३७</td><td>१०३</td><td>२०७८-९-९</td><td>पदाधिकारी वीमा<br><br>गाउँ पालिकाले वार्षिक नीति तथा कार्यक्रममा पदाधिकारी जीवन वीमा वापत्त रु.२० लाख विनियोजन गरेकोमा तपसिल वमोजिम जीवनबीमा प्रिमियम बापत रु १३५८४६। खर्च लेखेको देखिन्छ । कार्यालय स्थलमा सामुहिक रुपमा दुर्घटना वीमा वा अन्य यस्तै प्रकारका कार्यक्षेत्रमा हुने जोखिमका लागि सामुहिक म्यादी वीमाहरु संचालन गर्न सकिने व्यवस्था रहेपनि लामो अवधिका सावधिक जीवन वीमा गरी सोको प्रिमियम वापत्त भुक्तानी गरेको देखिन्छ ।तसर्थ नियम विपरित जीवन वीमाको प्रिमियम वापत्त भुक्तानी गरेको रु. १३५८४६ असूल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु........
<table>
<tr><th>सि नं</th><th>पदाधिकारीको नाम</th><th>बीमा कम्पनीको नाम</th><th>रकम रु</th></tr>
<tr><td>१</td><td>धीरेन्द्र शाही</td><td>एसियन लाइफ इन्सुरेन्स</td><td>४९४५०।</td></tr>
<tr><td>२</td><td>धन बहादुर कठायत</td><td>एसियन लाइफ इन्सुरेन्स</td><td>३६९४६।</td></tr>
<tr><td>३</td><td>गोरक्ष शाही</td><td>एसियन लाइफ इन्सुरेन्स</td><td>४९४५०।</td></tr>
</table></td><td>१३५,८४६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>जम्मा</td><td>१३५८४६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३८</td><td></td><td></td><td>

**ढुवानी खर्च**

पालिका ढुवानी प्रयोजनको लागि भाडा खर्च लेख्दा जिल्ला दररेट तथा दुरीलाई आधार लिई भाडा वापत्तको रकम भुक्तानी गर्नुपर्दछ । नेपालगंज, सुर्खेत लगायत स्थानबाट पचाल झरना गाउँपालिकामा ढुवानी गर्दा कार्यक्रम अनुसारको ढुवानी भाडा खर्च लेखेको, समान को प्रकृति तौलका आधारमा भाडा निर्धारण गरी सम्झौता गर्नुपर्नेमा सोझै रकम तोकि भरपाई गरी भुक्तानी दिने गरिएकोमा तपसिल वमोजिम फरक फरक भाडादर कायम भएको देखिन्छ । समानको प्रकृति र दुरीको आधारमा एकरुपता हुने गरी भाडादर कायम गरी भाडा सम्झौता गर्नुपर्दछ ।

<table>
<tr><th>भौ.नं.।मिति</th><th>कार्यक्रम</th><th>ढूवानी दुरी</th><th>भाडा रकम</th></tr>
<tr><td>८७।०७९।३।१६</td><td>सेनेटरी प्याड ढुवानी</td><td>सुर्खेत देखि पचाल गा पा</td><td>४०५००</td></tr>
<tr><td></td><td></td><td>सुर्खेत देखि जिते जारकोट</td><td>५००००</td></tr>
<tr><td>१३७।०७९।३।२४</td><td>सेनेटरी प्याड ढुवानी</td><td>सुर्खेत देखि पचाल गा पा</td><td>४२५००</td></tr>
<tr><td>१३८।०७९।३।२४</td><td>सेनेटरी प्याड ढुवानी</td><td>सुर्खेत देखि पचाल गा पा</td><td>३६१४०</td></tr>
<tr><td>मुख्यमन्त्री रोजगार</td><td></td><td></td><td></td></tr>
<tr><td>०७।०७९।०३।१</td><td>निमार्ण सामाग्री ढुवानी</td><td>नेपालगंज देखि सिमखेत</td><td>१५००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११।०७९।०३।२३</td><td>निमार्ण समाग्री ढुवानी</td><td>नेपालगंज देखि गाउँपालिका</td><td>६००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td>१५३</td><td>२०७९-३-२५</td><td>वील भरपाई<br><br>संघीय सर्सत कार्यक्रमबाट सुचना संकलन वापत्तको रकम सूचना प्रविधि अधिकृत प्रकाश कठायतलाई भुक्तानी दिएकोमा वील भरपाई भौचर संलग्न गरेको देखिएन । आर्थिक वर्षकोको अन्तमा कार्यक्रम सम्पन्न भएको प्रमाणीत नभई भुक्तानी भएको देखिएकोले उक्त रु.३०००००।०० असूल गरी संचित कोषमा दाखिला गर्नेपर्ने रु———.</td><td>३००,०००</td></tr>
<tr><td>४०</td><td>४६</td><td>२०७८-६-२०</td><td>पदाधिकारी सुविधा<br><br>गो भौ नं ४६ मिति २०७८।०६।२० कर्णाली प्रदेश सरकारले मिति २०७७/३/३० मा कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ पारित गरी उक्त ऐनको अनूसुचि १(क) र १(ख) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने व्यवस्था गरेको देखिन्छ । ऐनमा तोकिएको सुविधा भन्दा वढी रकम भुक्तानी भएको असूल गर्नुपर्ने रु——
<table>
<tr><th>सि. न.</th><th>पद</th><th>सुविधाको रकम</th><th>भुक्तानी रकम</th><th>फरक</th></tr>
<tr><td>१</td><td>अध्यक्ष</td><td>१५०००</td><td>३३०००</td><td>१८०००</td></tr>
<tr><td>२</td><td>उपाध्यक्ष</td><td>१५०००</td><td>२८०००</td><td>१३०००</td></tr>
<tr><td>३</td><td>वडाध्यक्षहरु</td><td>१३५०००</td><td>१८००००</td><td>४५०००</td></tr>
<tr><td></td><td colspan="3">जम्मा</td><td>७६०००</td></tr>
</table>
</td><td>७६,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.१ | | | सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.६७०६४८३४।०० खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधवा, बालबालिका, र अशक्तहरु समेत एम आई एस को तथ्यांङ्कका आधारमा ३८४३ जना लाभान्वित भएको देखिन्छ । | |
| ४१.२ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले त्रैमासिक रुपमा वैङ्कमा निकासा गरेको रकम मध्ये वितरण नभई वाँकी रहेकोमा सोही वखत फिर्ता गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने गरेको देखिन्छ। त्रैमासिक रुपमा खर्च लेखी वितरण गर्ने गरेकोमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायले वैंकबाट फिर्ता गरी संञ्चित कोषमा दाखिला गर्ने व्यवस्था प्रभावकरी रुपमा कार्यान्वयन हुनु पर्दछ । | |
| ४१.३ | | | परदर्शिता र जवाफदेहिताः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा ३३ अनुसार स्थानिय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानिय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानिय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानिय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन । यसबाट पारदर्शिता र जवाफदेहिता कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन ।भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ । | |
| ४१.४ | | | सार्वजनिक सुनुवाईः स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| ४१.५ | | | अनुगमन तथा सुपरिवेक्षण - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरि भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । | |
| ४२ | | | **राजस्व दाखिला**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ वमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा भोलीपल्ट दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । उपदफा २ मा तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले १० दिन सम्म दिला गरेको भए दाखिला गर्न वाँकी रकम र १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए जरिवानाको साथै कसूर को मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तरगतका राजश्व असुली तथा दाखिलाको विवरण अनुसार लेखापरीक्षण गरिएकोमा वडा कार्यालयहरुले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको देखिएन । वडा कार्यालयबाट भएको आम्दानी रकम सवैजसो वडा कार्यालयका जिम्मेवार कर्मचारीहरुले वर्षान्तमा एकै पटक सम्बन्धित खातामा बैक जम्मा गर्ने गरेको देखियो । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैक दाखिला गरेको विवरणमा भिडान गर्ने कार्यमा कार्यालयले ध्यान दिएको देखिएन ।साथै लेखापरीक्षणमा कार्यालयले उपलब्ध गराएको वडा कार्यालयहरुले राजश्व आम्दानी तथा दाखिला गरेको विवरण अनुसार २०७७ साउन देखि असार महिनासम्मको राजस्व देहाय अनुसार ढिला गरि दाखिला गरेको देखियो ।मासिक रुपमा उठेको राजस्वको वडागत विवरण प्राप्त नभएकोले तिर्नुपर्ने जरिवाना यकिन हुन सकेन | २२,५९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>। तसर्थ तोकिएको समय भन्दा ढिलो दाखिला भएमा १० प्रतिशत जरिवाना गर्ने ऐनको व्यवस्था वमोजिम पालिका स्वयले यकिन गरी जरिवाना असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>वडा न.</td><td>जिम्मेवार ब्यक्ती</td><td>दाखिला रु</td><td>दाखिला मिति</td></tr>
<tr><td>वडा १</td><td>सतलसिंह वोगटी</td><td>८५५५</td><td>२०७८।१०।१७</td></tr>
<tr><td>वडा २</td><td>हस्त वहादुर खडका</td><td>४९०४१</td><td>२०७९।०१।०५</td></tr>
<tr><td>वडा ३</td><td>डिल बहादुर कठायत</td><td>१६०००</td><td>२०७८।०७।२६</td></tr>
<tr><td>वडा ४</td><td>जामिरा कुमारी वुढा</td><td>३६७००</td><td>२०७९।०३।०८</td></tr>
<tr><td>वडा ५</td><td>विष्णु प्रसाद पाण्डे</td><td>२००००</td><td>२०७९।०३।०८</td></tr>
<tr><td>वडा ६</td><td>विकास संज्याल</td><td>२२२४०</td><td>२०७९।०३।३१</td></tr>
<tr><td>वडा ७</td><td>कृण वहादुर वम</td><td>१२०७५</td><td>२०७८।०८।२१</td></tr>
<tr><td>वडा ८</td><td>मोहन प्रसाद न्यौपाने</td><td>४३०००</td><td>२०७८।०९।०६</td></tr>
<tr><td>वडा ९</td><td>विनोद वहादुर शाही</td><td>१८०००</td><td>२०७९।०३।०८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२५९०६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा राजस्व बाँडफाँड वाहेक संघ तथा प्रदेश अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३४२२५६८४२</td><td>१२१३०३८</td><td>०।३५४४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४३.२</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td><td>असुली प्रतिशत</td></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>७०००००</td><td>१२००००</td><td>१७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३०००००</td><td>११००००</td><td>३६</td></tr>
<tr><td>सिफारिस दस्तुर लगायत अन्य</td><td>१५०००००</td><td>९८३०३८</td><td>६५</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४३.३ | | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१२ लाख १३ हजार अर्थात अनुमान को ४८।५२ प्रतिशत मात्र प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४४ | | | अनुगमन तथा सम्परीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । | |